# लोक सेवा आयोग

## राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक) पदको
## आन्तरिक प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा

मितिः- २०८०।०८।२९

**समयः ३ घण्टा** **पूर्णाङ्कः- १००**

**पत्रः प्रथम**

**बिषयः शासकीय प्रबन्ध र विकास ( Governance and Development)**

**तलका प्रश्नहरुको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. कुनै पनि मुलुकको आर्थिक विकास र समृद्धि हासिल गर्न आवश्यक लगानीको श्रोत व्यवस्थापनका लागि सार्वजनिक-निजी साझेदारी (Public-Private Partnership) अपरिहार्य रहेको हुन्छ। निजी क्षेत्रको ज्ञान, प्रविधि, व्यवस्थापकीय सीप र कुशलताका साथै जोखिम बहन गर्न सक्ने क्षमता अभिबृद्धि गरी सरकार र निजी क्षेत्र एक्ला एक्लैले लगानी गर्न नसक्ने अवस्थामा सार्वजनिक तथा निजी क्षेत्रको सहकार्य, साझेदारी र सहभागिताका आधारमा लगानी जुटाई थप श्रोत व्यवस्थापन गरी ठूलाठूला परियोजनाहरू सञ्चालन गर्न जरुरी देखिन्छ। विशेष गरी सार्वजनिक-निजी साझेदारीको लगानीलाई भौतिक तथा शहरी पूर्वाधार निर्माण तथा सञ्चालन, सेवा क्षेत्र व्यवस्थापन, कृषि, वन, जलविद्युत, सिँचाई, यातायात, सूचना प्रविधि लगायत पूर्वाधारका क्षेत्रका आयोजनाको निर्माण तथा विकासमा जोड दिन उपयुक्त हुन्छ।

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत् उपलब्ध साधन र श्रोतको अधिकतम परिचालनद्वारा तीव्र बृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने सिद्धान्त र सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत् राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति लिएको छ। यसै गरी पन्ध्रौं आवधिक योजनाले सार्वजनिक-निजी साझेदारीको लगानी अभिबृद्धि गरी थप श्रोत एवं व्यवस्थापकीय सीप परिचालन गर्ने लक्ष्य लिएको छ। सार्वजनिक-निजी साझेदारीको अवधारणा लागू गर्न सार्वजनिक-निजी साझेदारी लगानी ऐन कार्यान्वयनमा रहेको छ। कानूनमा सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुन सक्ने परियोजनाहरू, कार्यान्वयन गर्ने मोडेलहरू र संघीय कानून बमोजिम आ-आफ्नो कार्य क्षेत्रमा परेका यस्ता परियोजनाहरू सम्बन्धित प्रदेश र स्थानीय तहबाट पनि कार्यान्वयन गर्न सक्ने व्यवस्था गरिएको छ। यसै गरी, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र लगायतका ठूला पूर्वाधार तथा बृहत् उत्पादनका क्षेत्रमा विदेशी लगानीलाई पनि लगानी साझेदारीमा ल्याउन सक्ने प्रावधान राखिएको छ। यसरी सार्वजनिक-निजी साझेदारी लगानीलाई आकर्षित गर्न गरिएका प्रयासका फलस्वरूप केही परियोजनाहरू नेपालमा सञ्चालन भइरहेका छन्।

प्रस्तुत सन्दर्भमा नेपालमा यस अवधारणा कार्यान्वयनको विद्यमान अवस्था मूल्यांकन गर्दै कार्यान्वयनमा के कस्ता समस्याहरु देखापरेका छन् ? ति समस्या समाधान गर्ने व्यवहारिक उपायहरु प्रस्तुत गर्नुहोस्। साथै, तुलनात्मक लाभका दृष्टिले सार्वजनिक-निजी साझेदारी अवधारणा कार्यान्वयन गरी सफलता हासिल गर्न सकिने सम्भाव्य क्षेत्रको पहिचान गरी त्यसका लागि आवश्यक पर्ने लगानीका श्रोत र साधनहरु कहाँबाट के कसरी जुटाउन सकिएला ? विवेचनात्मक प्रस्तुति दिनुहोस्। 25

२. मानव अधिकार यस्ता अधिकारहरू हुन् जुन सबै मानवले केवल मानव भएको नाताले पाउनुपर्ने मान्यता रहिआएको छ। मानव अधिकारको विश्वव्यापी अवधारणा अनुसार मानवको जात, धर्म, सम्प्रदाय, राष्ट्रियता, उमेर, लिङ्ग, राजनीतिक विचार, ज्ञान, अपाङ्गता, लैङ्गिक परिचय आदि जेसुकै भएपनि अधिकार प्राप्तिमा केही फरक पर्दैन र मानव अधिकारको प्रकृति अविभाज्य र अहरणीय हुन्छ।

मानव अधिकारको उल्लंघन र यसको उल्लंघनकर्तालाई कसूरदार मानी त्यस्ता कसूरदारलाई फौजदारी कानूनका स्थापित मूल्य र मान्यता अनुरूप फौजदारी दायित्व वहन गराउन आवश्यक हुन्छ। फौजदारी कानून मान्ने संस्कृति जनसाधारणसँग मात्र अपेक्षा गरिने होइन, राज्यसँग पनि उत्तिकै अपेक्षा गरिन्छ। राज्यले आफैं कानूनको उचित सम्मान गर्न सक्दैन भने राज्यले बनाएको कानून अन्य जनसाधारणबाट पालनाको अपेक्षा गर्न कठिन हुन्छ। यस सन्दर्भमा, राज्यको चरित्र दण्डहीनतालाई

क्रमशः

प्रोत्साहन गर्ने होइन, न्यायपूर्ण समाज स्थापना गर्नेतर्फ अग्रसर हुनुपर्दछ। गम्भीर वा सामान्य नै किन नहोस् मानव अधिकार उल्लंघन गर्ने कार्य फौजदारी अपराध हो। त्यसमा पनि मानव अधिकारको गम्भीर उल्लंघनको घटनालाई न्यायको दायरामा ल्याउन राज्यको राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनले सृजित दायित्व हो । राष्ट्रिय कानूनको अतिरिक्त अन्तर्राष्ट्रिय मानव अधिकारको कानून र मानवीय कानून विपरीत हुने मानव अधिकारको गम्भीर उल्लंघनका घटनाहरु अक्षम्य र दण्डनीय हुन्छन्। मानव अधिकारको गम्भीर उल्लंघनको विषय हाम्रो देशको मात्र स्वार्थ र चासोको विषय नभई समग्र विश्व जगतको अविभाज्य र अक्षुण्ण एजेन्डा बन्न पुगेको छ। त्यसैले यस्ता विषयहरू न्यायको दायरामा ल्याउनै पर्ने हुन्छ।

उपरोक्त पृष्ठभूमिमा देहायका सवालहरुमा विश्लेषणात्मक प्रस्तुती दिनुहोस्। 25

क) नेपालमा मानव अधिकार तथा मानवीय कानून कार्यान्वयनको विद्यमान अवस्था,

ख) फौजदारी कानूनको पालना, कार्यान्वयन र न्यायपूर्ण समाज स्थापनामा नेपाल सरकारले खेलेको भूमिका,

ग) मानव अधिकारको संरक्षणमा न्यायपालिकाले निभाएको भूमिका र

घ) मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र बमोजिम नेपालमा मानव अधिकार सम्बन्धी ऐन,कानूनको पर्याप्तता।

३. जनसंख्या तथा जनशक्तिलाई विकासका उत्पादक तथा उपभोक्ता वा साधन तथा साध्य दुवैका रूपमा लिने गरिन्छ। नेपालको संविधानमा जनसंख्या व्यवस्थापनलाई बहुसरोकारको विषयका रूपमा लिई यसलाई संघ तथा प्रदेशको साझा अधिकार सूची अन्तर्गत राखिएको छ । समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवनयापनका अवसर बृद्धि गर्न जनसंख्या सम्बन्धी बीसवर्षे दीर्घकालीन योजना र राष्ट्रिय जनसंख्या नीति, 2071 कार्यान्वयनमा रहेका छन्। यी योजना र नीति कार्यान्वयनमा आए पनि प्रजनन दर तथा जनसंख्या बृद्धिदर घट्नु बाहेक जनसंख्या व्यवस्थापन सम्बन्धी अन्य समस्या समाधान हुन सकेको देखिँदैन । युवाहरुको विदेशिने दर बढेकाले उत्पादनशील जनसंख्या घट्दो क्रममा रहेको हुँदा राष्ट्रको विकास निर्माण तथा उत्पादनमूलक कार्यका लागि आवश्यक युवा जनशक्तिको कमी हुने संकेत देखिएको छ। जन्मँदाको अपेक्षित आयु वर्ष (Life Expectancy at Birth) मा भएको बृद्धिले गर्दा जेष्ठ नागरिकको जनसंख्या बढ्दो क्रममा रहेको देखिन्छ। यसका अतिरिक्त भौगोलिक विकटता, अव्यवस्थित शहरी बसोबास र उच्च बसाइसराई तथा आप्रवासनका कारण जनसंख्या तथा विकासका बीच असन्तुलन बढ्दै गएको छ। अनियन्त्रित बसाइसराईका कारणले शहरी क्षेत्रमा अत्याधिक जनसंख्याको चाप हुन गई शहरी सेवा सुविधाको वितरण व्यवस्थित गराउने चुनौती थपिँदै गएको छ।

कतिपय दुर्गम भौगोलिक क्षेत्रमा सडक, विद्युत जस्ता भौतिक विकास पूर्वाधार पुऱ्याउँदा पनि त्यहाँका बासिन्दा अन्यत्र बसाइसराई गरेका कारणले त्यस्ता पूर्वाधारमा भएको लगानी अनुत्पादक हुन गएको स्थिति पनि छ। जनसांख्यिक लाभांशका रुपमा रहेको उत्पादनशील जनशक्तिको आन्तरिक तथा बाह्य आप्रवासनले मध्य पहाडी क्षेत्रमा कृषि तथा गैर कृषि उत्पादनमा नकारात्मक असर देखा पर्न थालेको छ। यस अर्थमा नेपालमा देखिएको जनसांख्यिक लाभलाई देशको आर्थिक, सामाजिक विकास तथा समृद्धिमा योगदान पुऱ्याउने गरी परिचालन गर्न सकिएको अवस्था छैन।

उल्लेखित परिवेशमा जनसंख्या व्यवस्थापन तथा बसाइसराई सम्बन्धी विद्यमान नीतिले अङ्गिकार गरेका उद्देश्यहरु हासिल गर्न अवलम्बन गरिएका कार्यक्रमहरु प्रभावकारी नहुनुमा के कस्ता समस्या तथा कारणहरु रहेका छन् ? विश्लेषण गर्दै जनसांख्यिक लाभको सदुपयोगका माध्यमबाट विकासका लक्ष्यहरु हासिल गर्न एवं जनसंख्या व्यवस्थापन तथा बसाइसराई र विकासबीच तालमेल कायम गर्नका लागि तत्कालीन तथा दीर्घकालीन रुपमा कुन कुन क्षेत्रमा के कस्ता नीतिगत तथा अन्य सुधारहरु गर्नुपर्ने देख्नुहुन्छ ? मौलिक सुझाब प्रस्तुत गर्नुहोस्। 25

क्रमशः

४. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य मुलुकहरुमध्ये भारत, पाकिस्तान र नेपालमा संघीय शासन प्रणालीको शासकीय स्वरुपलाई अवलम्बन गरिएको छ। सन् 1947 मा भारत र पाकिस्तान बेलायती उपनिवेशबाट स्वतन्त्र भए सँगै भारतमा सन् 1950 मा नयाँ संविधान जारी भई संघीय शासन प्रणालीको कार्यान्वयन भयो। पाकिस्तानले सन् 1973 मा लागू गरेको संविधानसँगै संघीय शासन प्रणालीलाई अवलम्बन गऱ्यो। वि.स. 2072 मा नयाँ संविधान जारी गरेपछि नेपालले पनि यो प्रणाली अवलम्बन गऱ्यो। तीनवटै मुलुकको संघीय शासकीय संरचनालाई अध्ययन गर्दा तहगत सरकारको परिकल्पना गरिएको देखिन्छ। तहगत सरकारका अधिकारका सन्दर्भमा भने यी मुलुकहरुको संविधानमा केही फरक अधिकारको व्यवस्था रहेको देखिए तापनि सामाजिक संरचना, आर्थिक विकास र राजनीतिक प्रणालीको विकासको अवस्था धेरै सन्दर्भमा मिल्दोजुल्दो नै छ। राज्य संचालनमा देखिएको समस्या र यस क्षेत्रका जनताले राज्यबाट प्राप्त गर्ने सेवा सुविधा समेत उस्तै उस्तै प्रकृतिका देखिन्छन्। जातीय विविधता, लैङ्गिक विभेद, सामाजिक वञ्चितीकरण, आर्थिक लाभको न्यायोचित वितरण नहुनु जस्ता कारणले पनि संघीय शासन प्रणालीलाई यी विषय सम्बोधन गर्ने शासकीय व्यवस्थाको रुपमा अवलम्बन गर्न खोजेको मान्न सकिन्छ। भारतमा संघीय शासन प्रणाली लागू भएको सात दशक भन्दा बढी व्यतित भइसकेको छ भने पाकिस्तानसँग पनि करिब पचास वर्षको अनुभव रहेको अवस्था छ। नेपालले पनि संघीयता आत्मसात गरेको आठ वर्ष व्यतित भइसकेको छ। छिमेकी मुलुकहरुले अवलम्बन गरेका संघीय शासकीय अभ्यास हाम्रो मुलुकका लागि पनि सिक्ने विषय नै हुन्छ। भारत र पाकिस्तानमा निजामती प्रशासनको स्वरुप तयार गर्दा बेलायतीहरुले अभ्यास गरेको प्रणालीलाई अगाडि राखेर प्रतिस्पर्धात्मक परीक्षाबाट सेवा प्रवेश गर्ने, न्यूनतम शैक्षिक उपलब्धिलाई प्रतिस्पर्धाको आधार बनाउने, निश्चित कार्यसम्पादन मूल्याङ्कन प्रणाली समावेश गर्ने, समयावधिभित्र वृत्ति विकास हुने कुरालाई नै आधार बनाएका थिए। यी नै आधारभूत पक्षहरुलाई दृष्टिगत गरी विभिन्न तहमा रहने पदहरुको प्रबन्ध गरेको पाइन्छ। संघीय प्रणालीमा निजामती प्रशासनको स्वरुप निर्धारण गर्न र सेवालाई थप प्रभावकारी बनाउन समय समयमा दुबै मुलुकले विशेष किसिमका आयोग गठन गरी ती आयोगको सुझाबलाई सुधारको आधार बनाएको देखिन्छ। कुनै पनि प्रशासनिक संरचना तयार गर्दा अन्य मुलुकहरुले अभ्यास गरेकै विधि र पद्धतिको प्रयोगलाई हामीले पनि अवलम्बन गर्नुपर्ने भन्ने त होइन तर पनि ती मुलुकहरुले प्रशासकीय संघीयताको ढाँचा निर्माण गर्दा प्रयोग गरेका असल अभ्यासहरुबाट उपयुक्त हुन सक्ने विषयमा भने हाम्रो ध्यान जानु उपयुक्त नै हुने देखिन्छ।

यस सन्दर्भमा निम्न प्रश्नहरुको उत्तर दिनुहोस्। 25

क) सार्क मुलुक अन्तर्गत रहेका भारत र पाकिस्तानले अवलम्बन गरेका प्रशासनिक संघीयताको ढाँचाको तुलनात्मक विश्लेषण प्रस्तुत गर्नुहोस्।

ख) भारत र पाकिस्तानबाट प्रशासनिक संघीयताका सन्दर्भमा हामीले सिक्न सक्ने विषयहरु के के हुन सक्लान्? विश्लेषण गर्नुहोस्।

ग) नेपालले अहिले व्यहोरिरहेको प्रशासकीय संघीयता सम्बन्धी समस्याको सन्दर्भमा प्रकाश पार्दै ती समस्या समाधान गर्नका लागि व्यवहारिक सुझावसहितको कार्ययोजनाको ढाँचा प्रस्तुत गर्नुहोस्।

«««समाप्त»»»